*नेपाल नागरिक उड्डयन प्राधिकरणको २५ औं वार्षिकोत्सव(रजत जयन्ती)*

पौष १५, २०८० ( ३१ डिसेम्बर २०२३)

# प्राधिकरणको वार्षिक प्रगति विवरण

- ई.प्रदीप अधिकारी, महानिर्देशक

---

- *प्रमुख अतिथि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री तथा नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका अध्यक्ष माननीय सुदन किराती ज्यू,*
- *विशेष अतिथि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन राज्यमन्त्री माननीय शुसिला शिर्पाली ठकुरी ज्यू,*
- *नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका श्रीमान सचिव डा. दिपक काफ्ले ज्यू,*
- *नेपाल नागरिक उड्डयन प्राधिकरण सञ्चालक समितिका सदस्यज्यूहरु,*
- *संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिवज्यूहरु,*
- *हाम्रो निमन्त्रणालाई स्वीकार गरी विभिन्न संघसंस्थाबाट पाल्नु भएका अतिथी गणहरु,*
- *विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीका प्रमुख तथा प्रतिनिधीहरु*
- *प्राधिकरणमा कियाशील कर्मचारी ट्रेड युनियनहरुका अध्यक्ष/प्रतिनिधिहरु*
- *यस विशेष समारोहमा उपस्थित सम्पूर्ण पत्रकार मित्रहरु, तथा*
- *प्राधिकरणमा कार्यरत सम्पूर्ण कर्मचारी साथीहरु तथा पूर्व कर्मचारीहरु*

नेपालमा पहिलो पटक वायुयान अवतरण भएको ७५ वर्ष पुरा हुने पुर्व बिहानी तथा नेपाल नागरिक उड्डयन प्राधिकरण स्थापनाको २५ औ वर्ष (रजत वर्ष-२०२३) पुरा भई २६ औ वर्ष प्रवेशको अवसरमा प्राधिकरणको नयाँ निर्मित प्रधान कार्यालय भवनको प्राङ्गणमा आयोजित यस विशेष समारोहमा उपस्थित भई समग्र प्राधिकरण परिवारलाई हौसला प्रदान गर्नुहुने आजका प्रमुख अतिथि माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री सुदन किराती ज्यू , माननीय राज्य मन्त्री ज्यू , यहाँ उपस्थित भई हाम्रो कार्यक्रमको गरिमा बढाइदिनुहुने श्रीमान सचिवज्यू तथा नेपालको समस्त उड्डयन क्षेत्रबाट प्रतिनिधित्व गर्नु हुने अतिथिजनहरुमा समेत हार्दिक धन्यवाद एवं आभार व्यक्त गर्दछु ।

***अब म यहाँहरु समक्ष नेपाल नागरिक उड्डयन प्राधिकरणद्वारा यस वर्ष (सन् २०२३) मा सम्पन्न गरेका वार्षिक कार्यप्रगति यहाँहरु समक्ष पेश गर्ने  अनुमति चाहन्छु ।***

## हवाई यातायात सञ्चालन स्थिति:

- सन् २०१९ देखि २०२१ सम्म विश्वव्यापी महामारीको रुपमा फैलिएको कारोना संक्रमणले गर्दा आर्थिक रुपमा धराशायी हुन पुगेको समग्र उड्डयन क्षेत्र २०२२ मा विस्तारै पुरानो लयमा फर्किन सुधारान्मुख हुदै चालु वर्ष सन् २०२३ मा वायुयानको सञ्चालन तथा यात्रु संख्याको आधारमा कोभिड पुर्वको अवस्थामा फर्किएको छ ।

- नेपालको सन्दर्भमा उल्लेख गर्दा सन् २०२२ को नोभेम्बर सम्ममा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल मार्फत आवागमन गर्ने अन्तर्राष्ट्रिय हवाई यात्रुको संख्या २९,४५,५४० रहेकोमा सन् २०२३ को नोभेम्बरसम्म त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र पोखरा अन्तर्राष्ट्रिय विमानस्थल मार्फत आवागमन गर्ने अन्तर्राष्ट्रिय हवाई यात्रुको संख्या कुल ४१,५४,३९३ रहेको छ जस अनुसार गत बर्षको सोही अवधिको तुलनामा यात्रुको संख्यामा ४१.०४ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी आन्तरिक उडान तर्फ सन् २०२२ को नोभेम्बरसम्म कुल  ५६,६८,९४१ हवाई यात्रुहरुले यात्रा गरेकोमा सन् २०२३ को नोभेम्बरसम्म सो संख्या ७७,९४,२१७ रहेको छ जस अनुसार गत बर्षको सोही अवधिको तुलनामा  यात्रु संख्यामा करिब ३७.४८ प्रतिशतले वृद्धि भएको  देखिन्छ ।

- नेपालमा उडान गर्ने अन्तर्राष्ट्रिय वायु सेवा कम्पनीको संख्या सन् २०२२ मा २९ रहेकोमा हाल आएर ३० पुगेको छ जसबाट नेपालवाट १६ देशका ३३ वटा अन्तर्राष्ट्रिय गन्तव्यमा नियमित उडान भईरहेको छ  भने आन्तरिक तर्फ सञ्चालन अनुमति प्राप्त जम्मा २१ वटा वायु सेवा मध्ये हाल क्रियाशिल वायुसेवा कम्पनीहरुको संख्या १९ रहेको छ जस बाट कुल ५५ बटा विमानस्थल मध्ये ३५ बटा विमानस्थलहरु आन्तरिक हवाई सेवा सञ्जालमा जोडिएका छन ।

## विमानस्थल पूर्वाधार विकास तर्फ:

## राष्ट्रिय गौरवको आयोजना

- मिति २०७९ पौष १७ गते (१ जनवरी २०२३) को दिन देखि नेपालको तेस्रो अन्तर्राष्ट्रिय विमानस्थलको रुपमा निर्माण सम्पन्न भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उद्घाटन सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल, प्रचण्ड ज्यूबाट भए पश्चात लामो समयसम्म एकल अन्तर्राष्ट्रिय विमानस्थलमा निर्भर नेपालको उड्डयन अवस्था तीन वटा विमानस्थलसम्म विस्तार भएको छ ।

- निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको आदेशानुसार गठित विज्ञ टोलीवाट पूर्णक्षमताको अन्तर्राष्ट्रिय विमानस्थल निर्माणको लागि पेश भएको अध्ययन प्रतिवेदनलाई कार्यान्वयन गर्ने भनी मिति २०८०।७।२३ को मन्त्रिपरिषद्को निर्णय तथा मिति २०८०।०८।२७ को श्री

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको निर्देशन अनुरुप विमानस्थल निर्माणको लागि प्रारम्भिक कार्य स्वरुप वातावरणीय प्रभाव मुल्यांकन (EIA) कार्य अघि बढाईनेछ भने परामर्शदाताबाट Detail Engineering Design को अन्तिम मस्यौदा प्रतिवेदन पेश गरी सकेको छ ।

## अन्तर्राष्ट्रिय विमानस्थल

- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरुलाई उडानमा सहुलियत प्रदान गर्ने उद्देश्यले विमानस्थल संचालनको एक वर्षसम्म अवतरण शुल्क, विसान शुल्क, सञ्चार तथा उड्डयन सहाय शुल्क तथा सुरक्षा शुल्कमा शतप्रतिशत छुट तथा नेपाल वायुसेवा निगमले कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग सेवा उपलब्ध गराए बापत असुल गर्ने शुल्कमा ५० प्रतिशत छुट दिने निर्णय लागु गरिएकोमा सो प्रोत्साहन प्याकेज लागु हुने अवधि लाई थप एक वर्ष  लम्व्याईएको छ ।

- २०८० ज्येष्ठ १७ देखि २० गते सम्मको अवधिमा सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डज्यूको औपचारिक भारत भ्रमणका क्रममा गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा जडित Instrument Landing System (ILS) संचालनमा ल्याउने विषयमा प्राविधिक टोली सहितको थप छलफल र अध्ययन गर्ने सहमति भएको थियो ।

- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा उडान गर्ने अन्तर्राष्ट्रिय वायुसेवा कम्पनीहरुलाइ प्रोत्साहन गर्ने उद्देश्यले विमानस्थल संचालनको एक वर्षसम्म अवतरण शुल्क, विसान शुल्क, सञ्चार तथा उड्डयन सहाय शुल्क तथा सुरक्षा शुल्कमा शतप्रतिशत छुट तथा नेपाल वायुसेवा निगमले कमर्शियल ग्राउण्ड ह्याण्डलिङ्ग सेवा उपलब्ध गराए बापत असुल गर्ने शुल्कमा ५० प्रतिशत छुट दिने निर्णय लागु गरिएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको गुरुयोजना बमोजिम विमानस्थलको सिमित क्षेत्रफललाई अधिकतम उपयोग गरी विमानस्थलको क्षमता अभिबृद्धि गर्ने कार्यलाई प्राथमिकता दिई क्षमता विस्तारका कार्यहरु अघि बढाइएको छ । नेपाल सरकारको शेयर लगानी र प्राधिकरणको आन्तरिक श्रोतवाट विमानस्थलको उत्तरतर्फ करीव १८ वटा सम्म अन्तर्राष्ट्रिय वायुयान बिसान गर्न सकिने वायुयान बिसान क्षेत्र र Taxiway को निर्माण कार्य जारी रहेको छ । त्यस्तै एशियाली विकास बैंकको ऋण सहयोगमा विमानस्थलको दक्षिण तर्फ करीव १२०० मिटर लम्बाईको End-to-end Parallel Taxiway को निर्माण र पूर्वतर्फ अन्तर्राष्ट्रिय वायुयानका लागि ह्यांगर निर्माणस्थल र एप्रोन निर्माणको कार्य जारी रहेको छ । उक्त सबै बिस्तार कार्यहरु आगामी ३ बर्ष भित्र सम्पन्न गर्ने लक्ष्य राखिएको छ। यसबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको एअर ट्राफिक व्यवस्थापन क्षमता करीव १५ देखि २० प्रतिशतसम्म बढ्न सक्ने अपेक्षा गरिएको छ ।

- त्यस्तै एशियाली विकास बैंकको ऋण सहयोगमा विमानस्थलको दक्षिण तर्फ करीव १२०० मिटर लम्बाईको End-to-end Taxiway को निर्माण र पूर्वतर्फ अन्तर्राष्ट्रिय वायुयानका लागि ह्यांगर

निर्माणस्थल र एप्रोन निर्माणको कार्य सुरु गरिएको छ । यसबाट त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको एअर ट्राफिक व्यवस्थापन क्षमता करीव १५ देखि २० प्रतिशतसम्म बढ्न सक्ने अपेक्षा गरिएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक तथा अन्तर्राष्ट्रिय टर्मिनल भवनका आवागमन क्षेत्रहरु लगायत विमानस्थल भित्रका विभिन्न स्थानमा अत्याधुनिक विद्युतीय Way Finding Signage संचालनमा ल्याइएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय आगमन तर्फ Baggage Claim क्षेत्रको Extended Part मा Baggage Conveyor Belt जडान कार्य सम्पन्न भएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हुँदै आएको रात्रीकालीन विसान चाप न्यूनीकरण गर्न आन्तरिक विमानस्थलहरुमा वायुयानको विसान गर्ने व्यवस्था मिलाइएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अधिक उडान चापको कारण नियमित रुपमा हुने गरेको Flight Delay, Diversion तथा Cancellation लाई न्युनीकरण गरी हवाई यात्रुहरुले भोग्दै आएको समस्या निराकरण गर्न प्रति घण्टा विमानस्थलको क्षमताको आधारमा वैज्ञानिक SLOT व्यवस्थापन प्रणाली लाई निरन्तरता दिईएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हवाई चाप कम गर्ने उद्देश्यले पर्यटकीय सिजनमा वायुसेवा कम्पनीलाई रामेछाप विमानस्थललाई आधार बनाउन लगाई त्यहाँवाट तेन्जिङ्ग हिलारी विमानस्थल, लुक्लामा उडान सुरु गरिएको प्रावधानलाई थप व्यवस्थित गरिएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको Main Power House मा अत्याधुनिक बिद्युतिय 1000KW Online UPS जडान गरि Aerodrome Manual र AIP मा प्रकाशित गरिसकेको र Uninterrupted Power Supply दिन सफल भई City Supply आर्पूति नहुँदा UPS बाट One Second मा Load Transfer हुने गरि UPS संचालनमा ल्याईएको छ । विभिन्न Station हरु फुल्चोकी, VOR लगायतमा 3 Source ATS संचालनमा ल्याईएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको बिभिन्न स्थानहरुमा १० थान Apron Mast जडान गरि संचालनमा ल्याईएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा Removal of Disable Aircraft (RODA) Emergency को समयमा Aircraft Towing को लागि Aircraft Recovery Kit संचालनमा ल्याईएको छ ।

- Rehabilitation of International Parking Bay No.5 & 7, Equipment Yard, Domestic Arrival Terminal Hall को निर्माण कार्य सम्पन्न भई संचालनमा ल्याईएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा International Parking देखि Cargo सम्म जाने Connecting Road को निर्माण सम्पन्न गरिएको छ ।

- त्रिभुवन अन्तराष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनलको Ground Floor को Extension Arrival निर्माण सम्पन्न भई Departure तर्फ बिस्तार गर्ने क्रममा रहेको छ ।

## अन्य आन्तरिक विमानस्थलहरु

- नेपालको भौगोलिक जटिलता एवं मौसमी विविधतालाई मध्यनजर गर्दै हवाई उड्डयन क्षेत्रलाई थप सुरक्षित, भरपर्दो एंव विश्वसनीय बनाउन आवश्यक देखिएकोले पोखरा-जोमसोम भागमा पर्ने हवाई रुटमा मौसम सम्बन्धी जानकारी दिने क्यामेरा जडान गर्ने सम्बन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरण र राष्ट्रिय आविष्कार केन्द्र बीच MOU सम्पन्न भई हाल कार्यान्वयनमा रहेकोमा सोही प्रकारको क्यामेरा हाल काठमाडौ-लुक्ला रुटमा पनि जडान गरी सञ्चालनमा ल्याईएको छ । साथै, त्यस्तो प्रकारको मौसमी विवरण उपलब्ध गराउने क्यामेरा भौगोलिक विषमता र मौसमको विविधता भएका अन्य STOL Airport को ईनरुटमा मा समेत जडान गरी लागु गरिने प्राधिकरणको भावी कार्ययोजना रहेको छ ।

- सुर्खेत विमानस्थलको स्तरोन्नति पछि बुद्ध एअरको ATR–72वायुयान मार्फत नियमित उडान हुदै आएकोमा यहि डिसेम्बर २०२३ को पहिलो दिन देखि श्री एअरलाईन्सको Bombardier Dash 8 Q400 वायुयानमार्फत नियमित उडान सुरु भए पश्चात काठमाडौं-सुर्खेत वृत्तखण्डको हवाई भाडादर घट्न गई कर्णाली प्रदेशका जनताको लागि हवाई यात्रा थप सहज,नियमित तथा पहुँच योग्य भएको छ ।

- आन्तरिक विमानस्थलहरुमा आधुनिक सुविधा सम्पन्न टर्मिनल भवनहरु निर्माण गरी सेवा प्रवाह गर्ने उद्देश्यले विराटनगर, नेपालगञ्ज र भरतपुरमा नयाँ टर्मिनल भवन निर्माण प्रक्रिया शुरु गरिएको छ ।

- आन्तरिक विमानस्थलहरुको समय सापेक्ष विकास र विस्तार गर्ने लक्ष्य बमोजिम भोजपुर विमानस्थलमा कन्ट्रोल टावर सहितको नयाँ टर्मिनल भवनको सिलान्यास गरिएको छ ।

- रामेछाप विमानस्थलमा ८ वटा Twin-otter विमान अट्ने गरि एप्रोन बिस्तार गरिएको; धावनमार्गको लम्बाई ९० मिटर विस्तार गरिएको, विमानस्थलमा इलेक्ट्रिक Floodlight को व्यवस्था गरिएको तथा १२५ जनाभन्दा बढी यात्रु अटाउने २४० वर्गमीटर नयाँ प्रतिक्षालय निर्माण गरिएको छ ।

- कालिकोट विमानस्थलमा धावनमार्ग, ट्याक्सी वे, एप्रोन कालोपत्रे तथा अन्य निर्माण कार्यसम्पन्न भएको छ ।

- गुल्मी जिल्लाको रेसुङ्गा विमानस्थलमा धावनमार्ग, ट्याक्सी वे तथा एप्रोन र टर्मिनल भवन निर्माण भई नेपाल वायुसेवा निगमबाट नियमित रुपमा हवाई सेवा सञ्चालन भईरहेको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको हेलिकप्टर अपरेसनले त्रिभुवन अनतर्राष्ट्रिय विमानस्थलको गुरुयोजना बमोजिम निर्माण कार्य गर्नको निमित्त बाधा पुऱ्याएको तथा Air Traffic Congestion बृद्धि गराएकोले नलिन्चोकमा ४ वटा हेलिकप्टरले एकै पटकमा Take-Off/Landing गर्न सक्ने तथा थप १३ वटा Helicopter Parking गर्न मिल्ने गरी हेलिपोर्टको पेभमेन्ट तयार भई डेमो उडान सम्पन्न गरिएको छ ।

- नेपाल नागरिक उड्डयन प्राधिकरणको यो नयाँ अत्याधुनिक कार्यालय भवनको निर्माण सम्पन्न भई मिति २०८०।०५।२९ मा सम्माननिय प्रधानमन्त्रिज्यूबाट समुद्घाटन भई औपचारिक रुपमा सञ्चालनमा आई सकेको छ ।

- हुम्लाको सिमिकोट विमानस्थलमा थप ३ वटा जहाज पार्किङ्ग गर्न सकिने गरि पार्किङ्ग निर्माण कार्य सम्पन्न भएको छ ।

- तुम्लिङ्गटार विमानस्थलमा नयाँ टर्मिनल टावर निर्माण कार्य सम्पन्न भई हाल ATR-72 वायुयानबाट नियमित उडान भईरहेको छ ।

- हवाई यात्रुहरुको सहजतालाई मध्यनजर गर्दै धनगढी विमानस्थलमा Check–in area, Departure Hall तथा VIP Room Renovate गर्ने कार्य सम्पन्न भई सञ्चालनमा ल्याईएको छ ।

- राजविराज विमानस्थलमा धावनमार्ग, ट्याक्सी वे तथा एप्रोन ओभरले तथा धावनमार्ग विस्तार कार्य सम्पन्न भएको छ ।

## उड्डयन तथा हवाई सुरक्षा

- State Safety Programme (SSP) र Safety Management System (SMS) मा नियमित सुधार गर्न High Level Safety Coordination Committee , SSP Implementation Team,State Safety Action Group,Large Aeroplane Safety Team, STOL Safety Team, Helicopter Safety Team सहित अन्य चार National Aviation Safety Teams निरन्तर क्रियाशिल रहेका छन् ।

- उडान सुरक्षा प्रवर्द्धन गर्न काठमाडौं लगायत देशका विभिन्न विमानस्थलमा उडान सुरक्षा सम्बन्धि विभिन्न कार्यशाला, गोष्ठी, तालिम, अन्तरक्रिया तथा छलफल संचालन गरिएको छ ।

- ICAO GASP Doc. 10004, Asia Pacific Regional Aviation Safety Plan (AP-RASP) Doc. 10131, Doc. 10161, Doc.10162 बमोजिम नेपालको National Aviation Safety Plan (NASP) 2023-2025 तयार भई कार्यान्वयनमा रहेको छ ।

- सन् २०१२ देखि सन् २०२२ सम्म घटेका दुर्घटनाहरु सम्बन्धमा नेपाल सरकारबाट गठित दुर्घटना जाँच आयोगले जारी गरेका प्रतिवेदनका सिफारिसहरुको कार्यान्वयन स्थितिको अध्ययन गरी तत् सम्बन्धी विवरण अद्यावधिक गरिएको छ । उपर्युक्तानुसारका सिफारिसहरु मध्ये कार्यान्वयन नभएका अथवा आंशिक रुपमा कार्यान्वयन भएका सिफारिसहरुको विवरण सम्बन्धित निकायमा पठाई निरन्तर रुपमा Tracking गरिएको छ ।

- Training तथा Checking मापदण्डहरुमा सुधार गर्न Flight Crew Instructors & Examiner हरुले वायुयान निर्माता कम्पनीको तालिम सुविधामा अनिवार्य रुपमा Standardization गर्नुपर्ने, साथै

हेलिकप्टर चालकहरुले समेत अनिवार्य रुपमा Flight Simulator मा तालिम सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएको छ ।

- ❖ प्राधिकरणको तर्फबाट विभिन्न वायुयानमा उडान सम्बन्धी जाँचकी कार्यसम्पन्न गर्ने गरी Designated Check-pilot (DCP) को व्यवस्था गरिएको तथा हेलिकप्टर कम्पनीको लागि Standard Type Rating Examiner(TRE) को व्यवस्था आगामि वर्ष सन् २०२४ को पहिलो त्रैमासिक भित्र लक्ष्य तोकी लागु गर्ने योजना गरिएको छ ।

- ❖ Flight Operation तथा Personal Liscesing सम्बन्धी नियामकीय प्रावधानहरुलाई युरोपियन मापदण्डहरु अनुरुप बनाउन आवश्यकीय गृहकार्य भैरहेको साथै, Flight Operation, Personal Liscensing तथा Air Worthiness को क्षेत्रमा १५ जनवरी २०२४ देखि EASA Expert हरु नियुक्त गर्ने व्यवस्था मिलाईएको छ ।

- ❖ नेपालमा मनसुनको अवधिमा हुने हेलिकप्टरको घटना तथा दुर्घटना न्यूनीकरण गर्न उडान सुरक्षा संग सम्बन्धित विभिन्न Safety Cirular हरु जारी गरि कार्यान्वयन गरिएको छ ।

- ❖ ICAO USOAP CMA Findings हरुको Corrective Action Pland(CAP ) अद्यावधिक गरिनुका साथै EU On-site Assessment Mission का Finding हरुको Root Cause Analysis (RCA) कार्य सम्पन्न गरी सोही अनुरुप निराकणको क्रममा रहेको छ ।

- ❖ प्राधिकरणको Quality Policy तयार भई सोही अनुसार कार्यान्वयनको क्रममा रहेको छ ।

- ❖ COSCAP-SA कार्यक्रम तथा EU South Asia Aviation Partnership कार्यक्रम अन्तर्गत विभिन्न कार्यशाला, गोष्ठी तथा तालिमहरु संचालन गरिएका छन् ।

- ❖ वायु सेवा कम्पनीहरुमा सम्पन्न गरिने अडिट कार्यहरुलाई Digitalization गर्न Automatic Audit Tracking Tool तयार गरिएको । साथै देशै भरिका उडान सुरक्षा तथ्याङक लाई एकीकृत रुपमा संकलन तथा विश्लेषण गर्ने प्रयोजनार्थ Safety Data Colleciton & Processing System (SDCPS) तयार गरी कार्यान्वयनमा रहेको छ ।

## <u>विमानस्थल सुविधा अभिवृद्धि</u>

- ❖ त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय प्रस्थान तर्फ हवाई यात्रु चेक तथा बोर्डिङ्गमा अत्याधुनिक चेकईन काउण्टरहरुको व्यवस्था गरी Common Use Passenger Processing System (CUPPS) प्रणाली संचालनमा राखिनुका साथै Baggage Reconciliation System (BRS) संचालनमा रहेको छ । यसबाट वायुसेवा कम्पनीहरुलाई यात्रु चेक जाँच र व्यागेज व्यवस्थापन गर्न सहज र छरितो हुनुका साथै हवाई यात्रुका लागि पनि स्तरीय सेवा उपलब्ध भएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक र अन्तर्राष्ट्रिय विमानस्थलबाट यात्रा गर्नुहुने यात्रुहरुको सुविधाका लागि आन्तरिक टर्मिनल भवनबाट अन्तर्राष्ट्रिय टर्मिनल भवन हुँदै गोल्डेन गेट सम्म २ थान निःशुल्क बिद्युतीय Shuttle Bus संचालनमा ल्र्याइएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा यात्रु चेकिंग काउण्टरको भिडलाई कम गर्ने उद्धेश्य राखी यात्रुहरुको सुविधाको लागि Self Checking Machine (KIOSK) सञ्चालनमा ल्याईएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बारे यात्रु वर्गमा विमानस्थल सेवा सुविधा, विमानस्थलको सुरक्षा मापदण्ड, नेपाल सरकारका विभिन्न निकाय(अध्यागमन, भन्सार) बाट जारी नियम, सुचना लगायत वेलावेलामा सोधिने प्रश्नहरुको जवाफ समावेश गरी FAQ( Frequently Asked Questions) तयार गरी website मा राखिएको छ । यसले यात्रु महानुभावहरुको जिज्ञासा धेरै हद सम्म समाधान हुने र यात्रा सहज हुने विश्वास गरिएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलकामा भि.आई.पि. सवारीका लागि फारम भर्नु पर्ने भएकोले यसलाई सहज बनाउन विमानस्थलको वेवसाईट वा QR code मार्फत online बाटै फर्म भर्न सकिने व्यवस्था सुरु गरिएको छ ।

- त्रि.अ.वि.को प्रस्थान तर्फ व्यवस्थित यात्रु सहायता कक्ष स्थापना गरी टर्मिनल गेट, टिकट, उडान सम्वन्धी जानकारी तथा ह्वील चेअर सेवा प्रदान गर्न सहायता गर्ने व्यवस्था मिलाईएको छ । साथै वृद्ध, गर्भवती, बालक, फरक क्षमता भएकाका लागि सेवामा प्राथमिकता दिने व्यवस्था मिलाईएको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको पार्किङ्गसँगै Pickup and Drop Access Road को निर्माण सम्पन्न गरिएको छ ।

- लुक्ला, रामेछाप लगायत १९ वटा आन्तरिक विमानस्थलहरुमा Hold Baggage तथा Hand Baggage X-Ray Machine खरिद गरिएको र ३ महिना भित्र जडान सम्पन्न भई संचालनमा ल्याईने छ । जसबाट हवाई सुरक्षामा अभिवृद्धि हुनुका साथै यात्रु तथा वायुयान कम्पनीहरुलाई समेत सहयोग पुग्ने विश्वास गरिएको छ ।

- सिमरा तथा नेपालगञ्ज विमानस्थलमा हाल रहेको DVOR/DME लाई प्रतिस्थापन गरी नयाँ VOR/DME जडान गर्ने कार्य अगाडी बढाईएको छ ।

- सिमरा विमानस्थलमा नेपाल आयल निगमसंगको सहकार्यमा Refuelling Facility को व्यवस्था गरिएको छ । जसबाट वायुसेवा कम्पनीहरुलाई फाइदा पुग्नुको् साथै Alternate Aerodrome को रुपमा समेत प्रयोग गर्न मिल्ने क्षमता विस्तार गरिएको छ ।

- Fire Awareness Program अन्तर्गत विभिन्न आन्तरिक विमानस्थलहरुमा Awareness Programme संचालन गरी सम्बन्धित सबै निकायलाई तालिम दिईएको छ ।

- भरतपुर, सिमरा,राजविराज तथा तुम्लिङ्गटार विमानस्थलको नयाँ ARFF Vehicle खरिद कार्य प्रारम्भ गरिएको छ ।जनकपुर विमानस्थलमा BHS जडान कार्य यही महिनाभित्र सम्पन्न हुने लक्ष्य रहेको छ ।

## एयर नेभिगेसन प्रणाली

- Air Navigation Services विकासका लागि महत्व पूर्ण मानिएको Nepal Air Navigation Plan Implementation लाई ICAO को Regional Air Navigation Plan बमोजिम हुने EU South Asia Aviation Partnership Project बाट प्राबिधिक सहयोग गरि Nepal Air Navigation Plan Implementation को परिमार्जन कार्य भई रहेको छ ।

- ICAO को पहलमा एशिया-प्रशान्त क्षेत्रका सदस्य मुलुकहरुबीच हवाई ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउन Cross-border Telecommunications Network को Asia-Pacific Common Regional Virtual Network (CRV) का सेवा PCCW Global संग Service Order मा हस्ताक्षर भई कार्यान्वयनको क्रममा रहको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अग्निनिवारण तथा जीवनोद्धार सेवाको लागि Watch Tower Console Replacement गरी संचालन ल्याईएको छ ।

- नेपालगंज विमानस्थलमा Obstacle Survey, Mapping & Charting of PBN Procedures निर्माण कार्य सम्पन्न भई लागु हुने क्रममा रहेको छ ।

- नेपालगंज, विराटनगर, सिमरा, भरतपुर लगायत १० वटा विमानस्थलहरुमा ATC Console Replacement गरी संचालनमा ल्याईएको छ ।

- विभिन्न आन्तरिक विमानस्थलहरुमा Meteorological System and Accessories (WMO Certified) जडान कार्य सम्पन्न भएको छ ।

- विद्यमान आन्तरिक हवाई मार्ग (Domestic ATS Route) हरुलाई प्रतिस्थापन गर्ने गरी भूउपग्रहमा आधारित RNP 2 ATS Route डिजाइन कार्य सम्पन्न भइसकेको लागु भई सकेको तथा थप RNP 2 ATS Route रुटहरु निर्माण कार्य भई रहेको छ ।

- CNS/ATM क्षेत्रमा ICAO को मापदण्ड अनुसार समय सापेक्ष सुधारका लागि प्राधिकरणको पाँचवर्षे CNS/ATM Plan निर्माण गरी हाल कार्यान्वयनको क्रममा रहेको छ ।

- त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा GBAS मा आधारित अवतरण कार्यबिधि कार्यान्वयनको लागि GBAS अध्ययन कार्य भई रहेको छ ।

- AIR TRAFFIC लाई व्यवस्थित गर्ने प्रयोजनका लागि ATFM प्रणाली लागु गर्ने कार्य भईरहेको छ ।

- सुर्खेत बिमानस्थलको PBN Flight Procedures निर्माण भई लागु हुने क्रममा रहेको छ ।

- ❖ बिराटनगर तथा नेपालगज बिमानस्थलको Conventional Flight Procedures Review कार्य सम्पन्न भई सकेको छ ।
- ❖ त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको Conventional flight Procedures हरुको Review कार्य सम्पन्न भई लागु हुने क्रममा रहेको छ । साथै, त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको ATC Capacity Enhance सम्बन्धि कार्य भईरहेको छ ।
- ❖ Air Route तथा Terminal Flight Procedure लाई अझ बढि प्रभावकारी तथा ब्यवस्थित बनाई उडान सुरक्षा अभिबृद्धि गर्ने कार्यको लागि आधुनिक Instrument Flight Procedure Design System(Design Software and Charting Software ) खरिद कार्य अगाडी बढाईएको छ ।

## अन्तर्राष्ट्रिय सहभागिता तथा सहकार्य

- ❖ European Union Aviation Safety Agency (EASA) संगको प्राविधिक सहकार्यमा 13-17 March 2023 मा काठमाडौंमा Safety Campaign आयोजना गरिएको छ ।
- ❖ ICAO Coperative Aviation Security Programme-Asia Pacific संगको सहकार्यमा पाँच दिने ICAO Airport Security Supervisor Course काठमाडौंमा आयोजना गरिएको छ ।
- ❖ नेपालको सुरक्षा निगरानी प्रणाली (Safety Oversight System) तथा प्राविधिक जनशक्ति विकासको लागि DGAC France संग Technical MOU मा हस्ताक्षर गरिएको छ ।
- ❖ थाईल्याण्डको बैंककमा CASP-AP को अठारौं Steering Committee बैठकमा भाग लिदैं उक्त कमिटीको अध्यक्षतामा हस्तान्तरण गरिएको छ ।
- ❖ EU EASA संगको सहकार्यमा South Asia Regional Initiative (SARI) अन्तर्गत Flight Operations Rules Development Workshop तथा Personnel Licensing (PEL) Rules Development Workshop काठमाडौंमा आयोजना गरिएको छ ।
- ❖ 11-15 September 2023 मा EU को टोलीद्धारा नेपालको उडान सुरक्षा सम्परीक्षण मुल्यांकनको लागि On-site Assessment गर्ने कार्य भएको थियो,फलस्वरुप नेपाल Air Safety List बाट हटन नसके पनि नेपालको उड्डयन सुरक्षाको क्षेत्रमा हालका दिनमा उल्लेख्य सुधार हुँदै गएको र सुधारका लागि प्राधिकरण, प्राधिकरणको नेतृत्व एवं नेपाल सरकारले गरिरहेको प्रयासको EU बाट सकारात्मक रुपमा सराहना गरिएको छ । प्राधिकरणको यही प्रयासलाई निरन्तरता दिई उक्त Air Safety List बाट बाहिर निस्किन हामी सफल हुनेछौं भन्ने कुरामा म विश्वस्त रहेको छु ।
- ❖ बंगलादेशको ढाकामा आयोजित 58th Conference of Directors General (DGCA Conference) कार्यक्रममा सहभागी भई Discussion Paper (DP) तथा Information Paper (IP) प्रस्तुत गरिएको थियो

। उक्त Conference का दौरान विभिन्न मुलुकका Delegates संग Sideline बैठक बसेर नेपालको उड्डयन क्षेत्रको सुधार तथा विस्तारका लागि सहकार्य गर्ने सम्बन्धमा छलफल गरिएको थियो ।

❖ नागरिक उड्डयन संग सम्बन्धित अन्तर्राष्ट्रिय संघसंस्था ICAO, EASA, COSCAP-SA, CANSO, ACI, CASP-AP जस्ता संगठनको समन्वयता तथा सहकार्यलाई निरन्तरता दिईएको छ ।

## आर्थिक पक्ष

❖ प्राधिकरणको वार्षिक रुपमा सम्पन्न गराउनु पर्ने कर लेखापरीक्षण, आन्तरिक लेखापरीक्षण तथा अन्तिम लेखापरीक्षण समय सीमा भित्रै सम्पन्न हुंदै आईरहेको छ। नेपाल वित्तिय प्रतिवेदन मानक (NFRS) अनुरुप तयार गरिएको आ.ब. २०७८/७९ को वित्तिय विवरणहरु महालेखा परीक्षकको कार्यालयबाट प्रमाणिकरण भैसकेकोछ भने आ.ब. २०७९/८० को अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट जारी रहेको छ। आ.व. २०७८/७९ को कर लेखापरीक्षण सम्पन्न भैसकेको छ भने आ.व. २०७९/८० को कर लेखापरीक्षण जारी रहेको छ। ठुला करदाता कार्यालयले गर्ने आ.ब. २०७५।७६ को पूर्ण कर लेखापरीक्षण सम्पन्न भएको छ भने आ.व.२०७६/७७ को पूर्ण कर लेखापरीक्षण जारी रहेको छ।

❖ प्राधिकरणको स्थापनाकाल देखि लेखापरीक्षणबाट औंल्याइएका बेरुजुहरु सम्परीक्षणको माध्यमद्वारा नियमित फछ्र्यौट गर्ने कार्य प्रयोजनार्थ बेरुजु लगत तयारी, वर्गिकरण र अद्यावधिक गर्दै असुली तर्फको कार्य सक्रियताका साथ सम्पादन हुंदै आएको छ । आवश्यक निर्देशिका तथा मापदण्डहरुको तर्जुमाको साथै सञ्चालक समितिद्वारा गठित आर्थिक तथा लेखापरीक्षण समितिलाई थप सक्रिय बनाई वेरुजु फछ्र्यौट कार्यलाई प्रभावकारी बनाईएको छ ।

❖ आर्थिक कारोवारलाई थप व्यवस्थित गर्न Integrated Software for Financial Automation सहित Online Billing System, Central Accounting System, Central Payroll System,Central Payment System लागु गरिएको छ । भुक्तानी तर्फ प्राधिकरणले प्रयोगमा ल्याएको Microsoft Dynamics Business Central Software बाटनै NCHL मार्फत Online Payment गर्ने प्रवन्ध मिलाउनुका साथै सेवाग्राहीहरुले प्राधिकरणलाई तिर्न वुझाउनु पर्ने रकम Online मार्फत भुक्तानी गर्न सक्ने व्यवस्था मिलाईएको छ ।

❖ गत आ.व. २०७९/८० को Provisional Financial Statement अनुसार प्राधिकरणको आय एरोनटिकल तर्फ रु.११ अर्ब ७२ करोड १७ लाख तथा नन्एरोनटिकल तर्फ १ अर्ब ७८ करोड ८६ लाख गरी जम्मा रु १३ अर्व ५१ करोड ३ लाख आम्दानी भएको छ। प्राधिकरणको पूँजिगत खर्च तर्फ रु. ७ अर्ब ४४ करोड ३८ लाख, कार्य संचालन खर्च तर्फ रु.४ अर्ब २२ करोड ९९ लाख, आयकर तथा अन्य खर्च रु.४ अर्ब १५ करोड ५ लाख गरी जम्मा रु.१५ अर्ब ८२ करोड ४३ लाख खर्च भएको छ। यसले गर्दा प्राधिकरणको गत आर्थिक वर्षको खुद सञ्चालन मुनाफा रु.३ अर्ब ४९ करोड १५ लाख रहेको देखिन्छ ।

## जनशक्ति विकास तथा कर्मचारी वृतिविकास

- प्राधिकरणको कुल दरबन्दी ११२२ रहेकोमा हाल कार्यरत स्थायी कर्मचारीको संख्या ९२८ जना तथा करार सेवामा कार्यरत कर्मचारीको संख्या ४६ गरी जम्मा ९७४ रहेको छ । विगत एक वर्षको अवधिमा उमेरको हदका कारणले अनिवार्य अवकाश हुने २१ जना र राजिनामाद्वारा अवकाश भएका ३१ र स्वेच्छिक अवकाश १ जना समेत गरी कुल ५३ जना कर्मचारीहरु प्राधिकरणबाट सेवा निवृत्त भएका छन् ।

- प्राधिकरण सेवाका विभिन्न सेवा/समूह/उपसमूह र तहका पदहरुमा प्रतियोगितात्मक परीक्षाबाट पदपूर्तिका लागि निर्धारित पाठ्यक्रमहरुको सम-सामयिक पुनरावलोकन गरी उच्च क्षमताका प्रतिस्पर्धी कर्मचारी प्राधिकरण सेवामा छनौट गर्ने उद्देश्यले यस वर्ष तह ४ देखि तह ११ सम्मका प्राविधिक तथा प्रशासनिक दुवै तर्फका ११० वटा पाठ्यक्रमहरु परिमार्जन गरिएको छ ।

- नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठान प्राधिकरणको जनशक्ति विकासको एक प्रमुख केन्द्र हो । यसले सन् २०१२ बाट ICAO को Train-Air Plus को Full Membership प्राप्त गर्नुका साथै नेपालको उड्डयन क्षेत्रमा एकमात्र Approved Training Organization को रुपमा रहेको छ । प्रतिष्ठानबाट सञ्चालित हुने तालिममा विदेशी प्रशिक्षार्थीहरुलाई समेत सहभागी गराई नागरिक उड्डयनको इतिहासमा यस संस्थाले नयाँ कदमको शुरुवात गरेको छ । ATS तर्फ Basic ATS Course , Approach & Area Control, Radar Service , Civil Aviation Air Law & Operation Procedure (CALOP), ARFF तर्फ Basic Aerodrome Rescue and Fire Fighting Course, Breathing Apparatus Course, AVSEC तर्फ Pre-board Passenger Screening, X-ray Examination & Screening Procedure Course, Safety तर्फ Airside Operation & Safety Course, Safety Management Course, Engineering तर्फ Auto- CAD Training, Server Virtualization Training Course, Administration तर्फ Induction Training for Newly Recruited CAAN Employees, Administrative Refresher Program लगायत विभिन्न विधाका ६८ वटा तालिमहरु मार्फत कुल ६७६ जनाले प्रतिष्ठानबाट तालिम प्राप्त गरेका छन ।

- नागरिक उड्डयन प्रशिक्षण प्रतिष्ठानबाट सन् २०२३ मा मित्र राष्ट्र भुटानका Aviation Employee हरुलाई विभिन्न विधामा ८ वटा तालिमहरु प्रदान गरिएको छ । यसका अतिरिक्त प्रतिष्ठानबाट भन्सारतर्फका कर्मचारीहरु, विमानस्थल सुरक्षामा खटिएका प्रहरी कर्मचारीहरु, विभिन्न विमानस्थलहरुमा स्थलगत हवाई सुरक्षा, उडान सुरक्षा सम्बन्धी विभिन्न तालिमहरु संचालन गर्नुका साथै SMS & QMS in Aviation: Deliberations & Demarcation जस्ता सेमिनारहरु समेत नियमित रुपमा सञ्चालन गर्दै तालिम सम्बन्धी पाठ्यकम विकास र परिमार्जन संग सम्बद्ध कार्यहरु भईरहेका छन् ।

- प्राधिकरणको मानव संशाधन विभागबाट मनोनित भई सञ्चालन भएका वैदेशिक तालिममध्ये Online माध्यमबाट २४ जना तथा भौतिक उपस्थिति सहितको २८७ जना र स्वदेशी तालिम २५३ (भौतिक उपस्थिति) जनाले लिएका छन ।

यस बार्षिकोत्सवको अवसरमा पनि सदा झैं हामीले आफ्नो कार्यक्षेत्रमा लगनशिल, इमानदार तथा कर्तव्यनिष्ठ भई कार्य गर्ने उत्कृष्ट कर्मचारीलाई समेत पुरष्कृत गर्ने तथा प्राधिकरणको सेवामा आफ्नो जिवनको उर्जावान २५ वर्ष योगदान गर्ने कर्मचारीलाई दिर्घ सेवा पदकले सम्मान गर्ने कार्यक्रम रहेको छ । प्राधिकरणको विद्यमान कर्मचारी नियमावलीमा भएको व्यवस्था बमोजिम हामीले बढीमा १६ जना कर्मचारीहरुलाई मात्र विभिन्न मापदण्डको आधारमा पुरष्कृत गर्नुपर्ने व्यवस्था रहेकोले हामीले पुरस्कार दिन योग्य ठानेका धेरै कर्मचारीहरु हुदाँहुदै पनि सबैलाई यसमा समेट्न सकेका छैनौं,वहाँ हरुको कार्य प्रति प्राधिकरण सदा अनुग्रहित रहेको छ तथा यहाँ उपस्थित सेवा निवृत अग्रजहरुको योगदान प्रति सधै उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

**साथै,** नेपालमा नागरिक उड्डयनको विकासलाई हालको अवस्थामा पु¥याउन प्रत्यक्ष रुपमा अहम् भूमिका निर्वाह गर्ने हाम्रा अभिभावक/मार्गदर्शक नेपाल सरकारका सम्माननीय प्रधानमन्त्रीज्यू ,मन्त्रालयका माननीय मन्त्रीज्यू , राज्य मन्त्री ज्यू, श्रीमान सचिवज्यू तथा प्राधिकरणलाई प्रत्यक्ष तथा परोक्ष रुपमा सहयोग तथा समर्थन गर्दै आउनु भएका राष्ट्रिय/अन्तर्राष्ट्रिय संघसंस्थाहरु, सरकारी तथा गैह्र सरकारी निकायहरु, दातृसंस्थाहरु, वायु सेवा प्रदायक कम्पनीहरु एवं सम्पूर्ण शुभेच्छुक महानुभावहरुमा हार्दिक आभार व्यक्त गर्दछु । प्राधिकरणको कार्यमा अहोरात्र समर्पित रही सेवा गर्ने सबै तहका कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै यहाँहरुको जोश, जाँगर र उर्जा आफ्नो कार्यक्षेत्रमा अझ समर्पण भावले प्रस्फुटन भई हामीबाट प्रदान हुने हवाई सेवा थप प्रभावकारी तथा गुणस्तरीय हुँदै जाने अपेक्षा गरेको छु । त्यसै गरी नेपालको उड्डयन क्षेत्रको यथार्थता र संवेदनशिलतालाई बुझेर सधै यसको अभिवृद्धिको निम्ति आफनो कलम चलाउदै सर्वसाधारणमा वास्तविक सुचना प्रवाह गर्ने कार्यमा सदा दत्तचित्त र क्रियाशील विभिन्न श्रव्य,दृश्य,छापा तथा अनलाईन माध्यममा कार्यरत सम्पुर्ण पत्रकार मित्रहरुमा हार्दिक धन्यवाद व्यक्त गर्न चाहन्छु ।

**अन्त्यमा** , नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका माननीय मन्त्री ज्यू, राज्य मन्त्री ज्यू, मन्त्रालयका श्रीमान् सचिवज्यू तथा विशिष्ट महानुभावहरुद्धारा प्राधिकरणको यस ऐतिहासिक रजत वर्षको विशेष समारोहमा भएको गर्विलो उपस्थितिले हामीहरुलाई आफ्नो कानुनी र संथागत जिम्मेवारीलाई अझै ईमानदार र अनुशासित भई नागरिक उड्डयन क्षेत्रको भूमिकालाई अझ सशक्त तुल्याउन र उड्डयन तथा हवाई सुरक्षा अभिवृद्धिका लागि अझ कटिवद्धताका साथ अगाडि बढ्ने थप प्रेरणा मिलेको छ ,प्राधिकरणलाई यहाँहरुबाट सदैव यस्तै अभिभावकत्व र दिशानिर्देश रहनेछ भन्ने विश्वास व्यक्त गर्दै यहाँ उपस्थित समस्त महानुभावहरुमा अंग्रेजी नयाँ बर्ष २०२४ को उपलक्ष्यमा मेरो व्यक्तिगत तथा प्राधिकरणको तर्फबाट हार्दिक मङ्गलमय शुभकामना प्रकट गर्दछु ।

**धन्यवाद ।**